# गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा उद्योग स्थापनाको लागि जग्गा तथा भवन भाडामा दिने सम्बन्धी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०३/३२

यस क्षेत्रमा उद्योग स्थापनाका लागि विकसित गरिएको तपशिलका प्लटका जग्गा तथा भवनमा औद्योगिक क्षेत्र संचालन तथा व्यवस्थापन विनियमावली, २०७१ (संशोधन सहित) को विनियम ५ बमोजिमका प्राथमिकता प्राप्त नेपाल सरकारबाट ईजाजतपत्र पाएका ईच्छुक उद्योग र उद्यमीहरुबाट जमिन, विद्युत, पानी, सडक, ढल आदि जस्ता पूर्वाधारयुक्त जमिन भाडामा लगाउन यो सूचना प्रकाशित गरिएको मितिले २१औं दिनभित्र शिलबन्दी प्रस्ताव कार्यालयबाट खरिद गरि २२औं दिनको १२:०० बजे भित्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव सम्बन्धि अन्य शर्तहरु कार्यालयको सुचना पाटी तथा वेभसाइट www.izml.gov.np मा राखिएको छ । थप जानकारी, प्रस्ताव फारम खरिद र बुझाउन कार्यालय समय भित्र यस कार्यालय तथा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रीय कार्यालय, बालाजु, काठमाण्डौंमा सर्म्पक गर्न सकिने छ ।

**जग्गा तथा भवनको क्षेत्रफलको विवरण:**

| क्र.स. | स्थान संकेत | क्षेत्रफल जग्गा (रोपनी) | क्र.स. | स्थान संकेत | क्षेत्रफल | |
|---|---|---|---|---|---|---|
| | | | | | जग्गा (रोपनी) | भवन(ब.फि.) |
| १ | प्लट नं. १ | ७-१४-१-०.१९ | ८ | प्लट नं.८ | ५-७-१-०.४४ | |
| २ | प्लट नं. २ | ५-१२-२-३.९३ | ९ | प्लट नं.९ | ६-१४-०-०.३६ | |
| ३ | प्लट नं. ३ | ७-२-०-१.७५ | १० | प्लट नं.१० | ५-१२-०-०.९६ | |
| ४ | प्लट नं. ४ | ६-९-०-२.५१ | ११ | प्लट नं.११ | ५-७-२-३.७९ | |
| ५ | प्लट नं. ५ | ६-२-१-३.७७ | १२ | प्लट नं.१४ | ५-१२-३-३.६९ | |
| ६ | प्लट नं. ६ | ८-०-०-३.४६ | १३ | प्लट नं.१५ | ६-०-३-०.३९ | |
| ७ | प्लट नं. ७ | ५-१०-१-३.०६ | १४ | प्लट नं.१६ | ७-४-०-३.०७ | |
| | | | १५ | औद्योगिक भवन नं.१० (B/2046/2047/SL02) | २.९० | ३०७९ |


**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड**

(नेपाल सरकारको स्वामित्व भएको)

**शाखा कार्यालय गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र**

**रुपनी - ५, सप्तरी, सम्पर्क नम्बर ९८५१२७३३६५**

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको )

## शाखा कार्यालय, गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र

**गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रमा उद्योग स्थापनाको लागि जग्गा तथा भवन प्रस्ताव आव्हानको सूचनाका शर्तहरु**

प्रथम पटक प्रकाशित मिति : २०८२/०३/३२

१. <u>प्रस्ताव फाराम खरिद</u> : प्रस्तावित नयाँ उद्योग र उद्यमीले रु.१०००।०० (एक हजार रुपैयां) शुल्क तिरी (फिर्ता नहुने) बुझाई प्रस्ताव फाराम औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड शाखा कार्यालय गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र, रुपनी-५, सप्तरी तथा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रीय कार्यालय, बालाजुबाट प्राप्त गर्न सक्नेछ ।

२. <u>सिलबन्दी प्रस्ताव दाखिला</u> : उद्योग वा प्रस्तावित व्यवसाय गर्न चाहने उद्योगका संचालकले प्रस्ताव फाराम प्रथम पटक सूचना प्रकाशित मितिले २१ औं दिन अर्थात मिति २०८२।४।२० गते कार्यालय समय भित्र खरिद गर्न सक्नेछन् । उद्योगका संचालकले प्रस्ताव फारामको प्रत्येक पाना अध्ययन गरेर रितपुर्वक भरी सहीछाप गरी प्रस्तावमा उल्लेखित कागजपत्रहरु स्वयंद्वारा प्रतिलिपि प्रमाणित गरी पेश गर्नुको साथै शर्त नं.४ बमोजिम नगद जम्मा गरेको भौचर संलग्न गरी सो प्रस्ताव सिलबन्दी गरी खामबाहिर उद्योग/फर्मको नाम, ठेगाना तथा लिन चाहेको प्लट नं प्रष्टसंग लेखि २२औं दिन अर्थात मिति २०८२।४।२१ गते अपरान्ह १२:०० बजे भित्र शर्त नं. १ अनुसारका कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । प्रस्तावहरु खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त दिनको पछि लगतै कार्यालय खुलेको दिनमा दर्ता गरिनेछ ।

३. <u>प्रस्ताव खोलिने मिति र स्थान</u> : सार्वजनिक सूचना प्रकाशित भएको मितिले २२ औं दिन मिति २०८२/०४/२१ गते दिउंसो २:०० बजे रीतपूर्वक दाखिला भएका प्रस्तावहरू औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड शाखा कार्यालय गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र, रुपनी-५, सप्तरि तथा तथा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रिय कार्यालय, बालाजुमा प्रस्तावदाता वा निजको प्रतिनिधिको(प्रतिनिधि नियुक्ति गरेको लिखित पत्रसाथ) रोहवरमा खोलिने छ । प्रस्तावदाता वा निजले तोकेको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन ।

४. <u>प्रवेश शुल्क तथा जग्गा र भवन बहाल</u>: जग्गाको प्रवेश शुल्कवापत एकपल्टका लागि भ्याटबाहेक प्रति रोपनी न्यूनतम रु. १५,०००/- (रुपैयां पन्ध्र हजार) र जमिन भाडा प्रतिरोपनी प्रतिवर्ष वार्षिक रु.१३,८९१।५०(रुपैया तेह्र हजार आठ सय एकानब्बे पैसा पचास) निर्धारण गरिएको छ । प्लट नं. १० का लागि जमिन भाडा प्रतिरोपनी प्रतिवर्ष वार्षिक रु.१५१९५/७६ (रुपैयां पन्ध्र हजार एक सय पन्चानब्बे पैसा छिहत्तर), औद्योगिक भवन नं. १० का लागि प्रवेश शुल्क रु.५ प्रति वर्गफुट र भवन बहाल प्रति वर्गफुट प्रतिमहिना रु.२।३९(रुपैयां दुई पैसा उनन्चालीस) तोकिएको छ । विनियमावलीको विनियम १४ वमोजिम प्रवेश शुल्कलाई अङ्क प्राप्त गर्ने माध्यमका रूपमा राखिएकोले प्रतिस्पर्धाका लागि प्रस्तावकले प्रवेश शुल्क गोप्य रूपमा बढी कबोल गर्न सनक्नेछ । प्रस्तावकले कबोल गरेको प्रवेश शुल्कको २५ प्रतिशत हुने धरौटी बापतको रकम यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक, राजविराज शाखामा रहेको खाता नं. २१८०१००००२६६१००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर प्रस्ताव साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

५. <u>अवधि</u> : छनोट भई आएका प्रस्तावकलाई उद्योग सञ्चालन गर्ने प्रयोजनका निम्ती बढीमा ४० वर्षका लागि लिज सम्झौता गरी जग्गा तथा भवन उपलब्ध गराइनेछ ।

६. <u>अधिकार</u> : प्रस्ताव स्वीकृत/अस्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयलाई हुनेछ ।

७. <u>प्रस्ताव माथि कारवाही नहुने</u>: सिलवन्दी भई नआएको, म्यादभित्र पेश हुन नआएको, विनियम ९ बमोजिम फिर्ता लिएको प्रस्ताव, विनियम ७ बमोजिम योग्य नभएको प्रस्ताव, आपसमा मिलोमतो गरी दाखिला भएको, रद्द भएको प्रस्ताव, सर्तसहितको प्रस्तावहरु माथि कारवाही हुने छैन ।

मनिष कुमार मिश्र

का.मु.कार्यालय प्रमुख


८. कारवाही हुनेः नक्कली कागजात पेश गरेको पाईएमा प्रस्ताव खरिद गर्न वा दाखिला गर्न आएको व्यक्ति या फर्म उपर प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

९. हक हस्तान्तरण सम्बन्धमा : औधोगिक क्षेत्रमा नयां प्रवेश हुने उद्योग ५ (पांच) वर्ष क्षेत्रमा पूर्ण रुपमा संचालन नगरी हक हस्तान्तरण (सम्पत्ति वेचविखन) गर्न पाउने छैन ।

१०. अन्य जानकारीः अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड शाखा कार्यालय गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र, रुपनी-५, सप्तरी (मो.९८५१२७३३६५,९८५११५९६३५) तथा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रीय कार्यालय, बालाजुमा सम्पर्क गर्न सकिनेछ । यो सूचनाको विवरण औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको वेभसाईट www.izml.gov.np मा समेत उपलब्ध छ ।

११. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ (संशोधन सहित) एवं औद्योगिक क्षेत्र कार्य सञ्चालन तथा व्यवस्थापन निर्देशिका (संशोधन सहित), २०७१ साथै प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

जग्गाको नापनक्सा र क्षेत्रफलको विवरण :




नोटः प्लट नं१२ र १३ वाहेकको प्लटमा मात्र प्रस्ताव गर्न मिल्ने।

मनिष कुमार मिश्र
कार्यालय प्रमुख